# सहरी सार्वजनिक वृत्त र रेडियो

**भास्कर गौतम**

म जन्मँदा भारतमा सिनेमाले लोकप्रिय छवि हासिल गरिसकेको थियो । सिनेमाको तहल्कासँगै भारत र नेपाल दुवै ठाउँमा भिडियो र टेलिभिजन संस्कृति निर्माण भइरहेको समयमा म हुर्कंदै थिएँ । त्यसकारण पनि रेडियोसँग हुर्कंदाको संस्मरण लेख्नु मेरालागि चानचुने कुरो होइन । रेडियोबारे मैले भन्ने कुरा निकै थोरै होलान्, ती पनि औंधी छरिएका । यदि मेरो कामकाजी जीवनमा कुनै समय मिडिया अनुसन्धानसँग दालभातको साइनो नरहेको हुँदो हो त यो संस्मरण लेख्ने प्रस्तावलाई म सहजै पन्छाउने थिएँ ।

म जन्मेको ठाउँलाई सहर भन्छन् । विराटनगरको तीनटोलियामा मेरो जन्म झण्डै तीन दशकअघि भएको हो । जीवनको धेरै वसन्त पार गरुन्जेलसम्म कुनै ठूलो सहर नदेखेकाले विराटनगर सहर हो कि गाउँ छुटचाउने मेसो पाएको थिइनँ । तर मोरङका विभिन्न गाउँहरूमा मैले केही समय भने बिताएको हुँ । यी गाउँका रहनसहन र भोगाइहरूले भन्थे– विराटनगर वास्तवमा सहर थिएन ।

२०४४ सालताका म छोटो समयको लागि पटना पुगेँ । यसपछि मलाई लाग्यो विराटनगर केही साधनहरू उपलब्ध भएको तर रहनसहनको हिसाबले ग्रामीण परिवेश नै अँगालेको ठाउँ हो । अवश्य, नेपालका धेरै ठाउँहरूको तुलनामा यो सुविधासम्पन्न थियो । अझ पनि स्रोत र पहुँचको दृष्टिमा यो सुगम छ । तर धेरै विराटनगरवासीले भन्ने गरे जस्तो यो नेपालको विकसित सहर र अग्रणी ठाउँ हो कि होइन यसको भेउ मैले अहिलेसम्म पाउन सकेको छैन । यति चाहिँ निस्फिक्रीसँग भन्न सकिन्छ- यहाँको परिवेश, जीवनशैली र सोच्ने प्रक्रिया भने मोरङ र झापाका धेरै गाउँको भन्दा पृथक छैन । यद्यपि वरिपरिका गाउँभन्दा पहिले विराटनगर धेरै कुराको लागि आधारभूमि हुने तथ्य स्वीकार्नु पर्छ । यो वास्तविकता हिजो पनि थियो, आज पनि छ ।

यो गाउँ र सहरको जञ्जालमा म अल्झिनु एक प्रकारले निकै स्वभाविक हो । यस उल्झनलाई मेरो परिवारमा हुने गफ, साथी सङ्गतले गरिरहने काठमाडौँ र हङकङको वर्णन, अनि हिन्दी र अङ्ग्रेजी चलचित्रले मेरो सोचाइमा प्रभाव पारेको थियो । त्यसैले मेरो कल्पनामा निर्माण भएको सहर ठ्याक्कै कस्तो थियो त्यो मलाई अहिले सम्झना छैन । म यत्ति भन्न सक्छु- विराटनगर अवश्य त्यस्तो थिएन । अहिले फर्केर हेर्दा मैले त्यस बेला यसरी सोच्नुको अर्को एउटा कारण पनि हुन सक्छ । स्रोत र साधनको हिसाबले मेरो परिवार निकै विपन्न थियो । त्यसैले हुन सक्छ, विराटनगरको सहरीया परिवेशदेखि नितान्त विमुख थिएँ म ।

बिहान बेलुकी खान धौ धौ हुने हाम्रो घरभित्र दिनरातको भैं-झगडा र रित्ता भाँडाहरूको आवाज कुनै नाटक र सङ्गीतभन्दा कम थिएनन् । कतिपय अवस्थामा खाली भान्सामा मुसा कुदेको आवाज पनि विचित्रको धुन बन्दो हो । यो बेग्लै पक्ष हो कि त्यस बखत यी सबै कुरा कहाली लाग्दा थिए । यिनले कुनै मधुर अनुभूति दिँदैनथे । यद्यपि घनघोर पानी परेको अवस्थामा घरका कुनाकाप्चामा विभिन्न वेगमा चुहुने पानीका थोपा, घरभित्रको सरसामान पानीबाट जोगाउन अनेकौँ आकारप्रकारका भाँडावर्तन थाप्दा निस्कने आवाज भने निकै मनमोहक नै हुन्थे । यो पक्ष मलाई निकै रमाइलो लाग्थ्यो र पानी पर्दा म औधी रमाउँथे, अनि विभिन्न वेगमा हुने पानीको यो चर्तिकलाको राम्रै दर्शक हुन्थेँ । यी सबै कुराहरू निकै साधारण थिए त्यस बेला । छरछिमेकका मानिसहरूको आर्थिक अवस्था र जीवनशैली पनि योभन्दा पृथक नभएकाले सबै कुरा सामान्य लाग्थे मलाई ।

यो दरिद्र अवस्थाबीच जीवनको अर्को हिस्सा पनि थियो । विराटनगर औधी गर्मी ठाउँ भएकाले साँझ र अझ रात अति प्यारा थिए हाम्रो मोहल्लामा । धेरैको

घरमा पङ्खा थिएन । त्यसैले होला, टोल छिमेकका सबै मानिसहरू साँझ परेपछि आँगन, चउर र सडकको पेटीमा गफ गरेर बस्थे । माया दिदीको चारपाटे आकारको लामो घरको छत र हाम्रो टोलमा बस्ने औलोको हाकिमको घरको छत धेरैका लागि अबेरसम्म गर्मीबाट बच्ने र बसेर गफ चुट्ने साझा थलो थिए । यद्यपि सडक किनार र घरको छतभन्दा पनि आँगनको माहोल एकदम भिन्न हुन्थ्यो । त्यहाँ दिनहुँजसो नाचगान र गीत सङ्गीत चलिरहन्थे । मेरी कान्छी दिदी र उनका दुई साथीहरूको सम्झना निकै आउँछ मलाई, जसका लागि साँझको यो घडी आफ्ना सबै बन्धन, कुण्ठा र गह्रौं बोझ बिसाउने मनमोहक पल थियो । स्कूल र घरको दिनभरिको थकान बिसाउन उनीहरूका लागि यो अति महत्त्वपूर्ण एवं उन्मुक्त समय थियो ।

करिब २०३८/४० सालताका दिनहुँ हुने यो जीवनचक्रमा कतै कोहीसँग रेडियो भएको मलाई सम्झना छैन । यस बेलासम्म विराटनगरका धेरै घरमा रेडियो नभएको भन्न त गाह्रो छ । तर म हुर्केको टोल वा अझ एउटै परिसरको दुई बेग्लै घरमा बस्ने करिब दस परिवार कोहीसँग रेडियो भएजस्तो मलाई लाग्दैन । अनि यी बाहेकका थप आठदस परिवारमध्ये टोलका सबैका 'ड्राइभर दाइ' कहाँ भने रेडियो बजिरहेको छ्यासमिसे याद छ मसँग । त्यस्तै टोलका सबैले सानाबा भनेर बोलाउने एक जना बूढासँग निकै पुरानो मोडलको रेडियो भएको म सम्झन्छु । चारपाटे आकारको अलि भद्दा त्यो 'पानासोनिक' जन्तु मलाई निकै अनाकर्षक लाग्थ्यो । मैले विराटनगरका गल्ली र चोकहरूमा, हाटबजार र पसलहरूमा विभिन्न स-साना आकारको रेडियो देखेको हुनु पर्छ । माथि भनेजस्तै यो समय भर्खरभर्खर भिडियो र टेलिभिजन भित्रिरहेको युग भएकाले पनि रेडियो आम यन्त्र भएको हुँदो हो । अनि मेरो उमेरका भारेभुरेको निम्ति उत्सुकपूर्ण यन्त्र यो थिएन सके । त्यसैले एकातर्फ रेडियोप्रति खासै मोह नभएको हुनु पर्छ भने अर्कोतर्फ सानो आकारको रेडियो मैले प्रशस्तै नदेखेको भए सानाबाको कोठामा बज्ने ठूलो चारपाटे रेडियो निकै भद्दा र अनाकर्षक नलाग्नु पर्ने हो ।

मलाई लाग्छ तीनटोलियामा नै रहेको मामाघरमा मैले नजिकबाट विभिन्न प्रकारको रेडियो देखेको हुँ । मेरो ठूलो मामाको एउटा सानो क्यासेट प्लेयर थियो । उनले रेडियो सुनेको त मलाई त्यति याद छैन तर धेरैजसो उनी हेमन्त कुमारका पुराना हिन्दी गीत सुन्ने गर्थे । उनको त्यो सानो जन्तुमा मैले धेरै पटक 'ए दिल है जीना मुस्किल याँ जरा हट्के जरा बच्के ये है बम्बे मेरी जाँ' गीत गुञ्जेको सुन्ने गर्थें । त्यसताका यो गीत म बुझ्थें कि बुझ्दिनथें थाहा छैन,

तर यसको धुन भने सानैदेखि औधी मन पर्थ्यो । यो गीतको भाव र मेलोडीप्रति आज पनि निकै आशक्त छु म ।

त्यस्तै मामाघरमा अर्को 'नेशनल पानासोनिक' रेडियो कम प्लेयर पनि थियो र यो काम गर्ने ठाउँमा दिनभर बजाइन्थ्यो । मामाघरको एक भागमा धूप फ्याक्ट्री थियो । सबै गरेर करिब १५-१७ जना काम गर्थे त्यहाँ । लामो ग्वाली जस्तो त्यो टहरोमा टाटीले बारेर बनाइएको तीनओटा बेग्लाबेग्लै खण्ड थियो । लगभग आठ महिना राम्रै गर्मी हुने विराटनगरमा धूपको पाउडर र धुलोहरूको बीच यस्तो झण्झटिलो काम गर्न सजिलो थिएन । सबै कामदारका लागि मनोरञ्जनको एक मात्र साधन त्यहाँ बजाइने रेडियोका गीतहरू नै हुन्थे । बिजुली नभएको समयमा धेरैको कामको गति, शरीरको आलस्यपन र एकप्रकारको जोशविहीन माहोलले त्यो सन्देशको राम्रै प्रतिबिम्ब गरेको पाइन्थ्यो । राम्रा गीतहरू नबजेको बेला रेडियो बजाउनु भनेको त्यहाँका काम गर्ने मानिसहरूलाई चिढाउनु थियो । दुर्गा दाइले यो कार्य बेलाबेला गर्ने गरेको राम्रै झझल्को छ मलाई । रेडियो नेपालबाट दिउँसो बज्ने समाचार प्रायः सुन्ने गरेको त्यति नै सम्झना छ तर त्यहाँ कार्यरत मानिसहरूलाई त्यसको आकर्षण नरहेको सम्झन्छु म । अर्थात् गीत सङ्गीतबाहेक अन्य कुराले कम माने राखेको तथ्य यसबाट स्पष्ट हुन्छ । त्यसैले रेडियोमा राम्रा गीतहरू नबजिरहेको समय क्यासेट प्लेयरबाट गीत सुन्ने क्रम नित्य चलिरहन्थ्यो ।

मलाई समय त सम्झना छैन अहिले तर रेडियो सिलोन, अल इण्डिया रेडियो, अकाशवाणी खर्साङ, रेडियो नेपालका प्रसारण समात्न फ्रिक्वेन्सीहरू घुमिरहन्थे मामाघरलगायत धेरै ठाउँको रेडियोमा । विशेष गरी दुईदेखि तीन वा साढेतीन बजेको बीचमा रेडियो नेपालबाट बज्ने आधुनिक गीतहरू निकै लोकप्रिय भएको सम्झन्छु म । यो त्यही समय हो जुन बेला नारायण गोपालको 'एउटा मान्छेको मायाले कति', प्रेमध्वज प्रधानको 'घुम्तीमा नआउ है', मुरलीधरको 'उडायो सपना सबै हुरीले', तारादेवीको 'उकाली ओरालीहरूमा' अरूण थापाको 'ऋतुहरूमा तिमी' रेडियो नेपालबाट दिनहुँ घन्कने गीतहरू थिए । त्यस्तै अरूणा लामाको 'पोहोर साल खुशी फाटचो', नारायण गोपालको 'पर्खी बसेँ आउला भनी' र गुलाम अलीको 'गाजलु ती ठूला ठूला आँखा' सधैँजसो बजिरहन्थे ।

२०४५ साल पूर्वको मेरो बाल्यकालको एक दशकलाई सम्झँदा माथिका कुराहरूलाई यसरी बुझ्न सकिन्छ । पहिलो, मेरा समकालीन र एक पुस्ताअघिका मानिसहरूका लागि रेडियोको उति महत्त्व थिएन । दोस्रो, नेपालमा रेडियो स्थापनाको एउटा महत्त्वपूर्ण अंश विराटनगरबाट प्रारम्भ भए पनि तीस र

चालीसको दशकमा विराटनगरको सहरी सार्वजनिक स्थानमा रेडियोको उति प्रयोग भएको मलाई थाहा छैन । तेस्रो, विराटनगर हिन्दी सिनेमा, गीत सङ्गीतले ओतप्रोत भएको क्षेत्र हो । आज पनि यो अवस्थामा तात्विक फरक छ जस्तो मलाई लाग्दैन । त्यसैले भारतीय फिल्म, मूलतः फिल्मी गीत सबैका घर, पसल, चोक र सार्वजनिक स्थानहरूमा घन्किरहेका हुन्थे । हाम्रो टोलको पूर्व-दक्षिणपट्टि पर्ने अलि परको टोलमा बाँसको टुप्पामा बाँधेको माइकबाट सिनेमाका सम्पूर्ण गीत र संवाद यसरी घन्किन्थ्यो कि मलाई सिनेमा हेर्नु अगावै गीतहरूको त के कुरा *सोले* र *त्रिशुल*को कथा र डायलग कण्ठस्थै थियो । त्यसैले विषयवस्तुका हिसाबले हिन्दी सिनेमा र गीतको प्रभाव अनि प्रविधिको दृष्टिले भिडियो र टेलिभिजनको यो युगमा सार्वजनिक वृत्तमा रेडियोको कम प्रभाव थियो । लोकप्रिय साधनको रूपमा रेडियोको प्रभुत्व नभएको यस स्थितिमा रेडियो नेपालको अवस्था अझ दुर्लभ थियो । अझ पञ्चायती राजको एकोहोरो रटनाबाट मुक्ति पाउन पनि मानिसहरू अन्य भारतीय फ्रिक्वेन्सीहरूको सहारामा विश्राम लिन्थे सके । त्यसैले सामान्यतः चौबीस घण्टाभित्र रेडियो नेपाल केवल दुईतीन बजेको समयमा आधा/एक घण्टा र साँझ-बिहानको समाचारको समयमा केही मिनेट मात्र सुन्ने गरिन्थ्यो । नत्र सार्वजनिक वृत्तमा रेडियो नेपालको कुनै अस्तित्व थिएन । कमसेकम हाम्रो टोलसमूहमा अझ खास गरी मेरो उमेरसमूहमा रेडियो नेपाल रुचिबाहिरको वस्तु थियो ।

तर यही समयावधिमा ग्रामीण भेगका बस्तीहरूमा भने स्थिति फरक थियो । केचना, सिजुवा, सिगारी, चुनीबारी जस्ता ठाउँहरूमा रेडियो नेपाल मात्र बजिरहेको पनि म सम्झन्छु । बिहान केहीबेर र साँझको तीनचार घण्टा गाउँमा धेरैको घरमा रेडियो नेपाल अनवरत बज्ने गरेको मलाई राम्रैसँग थाहा छ । रेडियो नेपालका कार्यक्रम र गीतहरू मलाई निकै अनाकर्षक लाग्ने भएकाले पनि गाउँमा बिताएका क्षणहरूलाई म बिर्सन सक्दिनँ । सायद हिन्दी सिनेमा, गीत सङ्गीतको मेलोडीको अटुट प्रभाव भएकाले रेडियो नेपालले मलाई नतानेको हुनु पर्छ ।

हाम्रो घरमा दाइले सानो पानासोनिक रेडियो ल्याएको २०४४ सालमा हो । तर समाचारसँग मलाई मात्र होइन दाइलाई पनि अर्थपूर्ण चाख थिएन । अनि रेडियोबाट घ्यारघ्यार घुरघुरबीच सुनिने गीतहरू र मैले नजानेको नानाथरीको स्टेसनसँग मलाई ठूलो लगाव थिएन । तर दाइलाई भने थियो । यसरी मेरा वरिपरि गीत सङ्गीत र रेडियो भए पनि म र रेडियोबीच तत्काल सोझो सम्बन्ध बाँधिन सकेन । यद्यपि २०४५ सालपछि रेडियो र क्यासेट प्लेयरसँग मेरो

सामीप्य दिनरातको हुन गयो । रेडियो र विराटनगरको सहरी सार्वजनिक वृत्तबारे मैले भन्ने कुरा माथिभन्दा भिन्न नहोला । तर यो सामीप्यले बुनेका मेरा केही थप कुराहरू छन् जसले केही अन्य पक्षहरू बुझ्न अवश्य सघाउँछ ।

कुरो २०४६/४७ साल तिरको हो । म कक्षा सातमा पढ्थेँ त्यस बेला । पीपल चोकमा हाम्रो सानो किराना पसल थियो । सधैँ बेलुकी करिब तीन घण्टा र शनिबार आइतबार पाँचसात घण्टा पसलमा बस्ने मेरो नित्य कार्य थियो । त्यो उमेरमा यसो मन लागेको चक्लेट, बिस्कुट पनि खान पाइने, मौका परे यसो २०/२५ रुपियाँ पनि जोगाउन र खर्च गर्न पाइने हुनाले सुरुका केही दिन दाइलाई पालो दिनुको बेग्लै आकर्षण थियो । पछि यो निकै पटचार लाग्दो र बाध्यकारी कार्य बन्यो । तर यो बाध्यताबाट उम्कने उपाय मसँग थिएन । त्यसैले बिस्तारै पसल मेरालागि रेडियो र टेप रेकर्डरसँग खेल्ने थलो भयो । यो खेल क्रमशः यस्तो घनीभूत रुचिमा परिणत भयो कि पसल बस्न म निकै रमाउन थालेँ । स्कूलको गृहकार्य पनि पसलमै गर्थे अनि गीत पनि मनग्गे सुन्थेँ ।

एकदमै मेलोडी गीतहरू मात्र मन पर्ने भए पनि मेरो रुचि मूलतः शब्दमा थियो । मेरा दाजु विशेष गरी पुराना हिन्दी गीतका सौखीन थिए । तर सँगै बजारमा देखा परेको पछिल्ला फिल्मी क्यासेट पनि उनी किन्न चुक्दैनथे । अनि दाइ नेपाली आधुनिक गीतका पनि कम पारखी थिएनन् । त्यसैले उनीसँग हिन्दी गीतको निकै उत्कृष्ट सङ्ग्रह थियो भने थोरै तर केही निकै मीठा नेपाली गीतहरूको जोहो पनि थियो । शब्द र मधुर सङ्गीतप्रतिको मेरो लगावले बिस्तारै मलाई साहित्यको पाठक बनायो । सुरुमा हिन्दी साहित्यका पुस्तकहरू र बिस्तारै नेपाली साहित्य पढ्ने मेरो पृष्ठभूमि यही रेडियो र टेपसँग खेल्ने डेढ/दुई वर्षको दिनचर्याले तयार पारेको थियो ।

हुन त २०४८ सालको प्रारम्भमा पारिवारिक कारणले गर्दा पसल बन्द भयो । तर पसल हुँदैको अर्को एउटा अनुभव पनि छ मसँग । निकै गतिमय चोकमा हाम्रो पसल भएकोले त्यहाँ बिहान समाचार सुन्न एकहूल मानिस जम्मा हुने गर्थे । एकदम विरलै म बिहान पसल खोल्न पुग्थेँ । यस्तो हुनको लागि कि मेरो स्कूल बिदा हुनु पर्थ्यो कि बडेमानको आपत आइलागेको हुनै पर्थ्यो । नत्र म बिहान पसल जाने चान्स नै हुँदैनथ्यो । दाइलाई थाहा थियो समाचार सुन्ने मेरो कुनै रुचि हुन्थेन । त्यसैले म बिहान पसल जानुपरेको दिन दाइ मलाई “किशोर सर र अरू समाचार सुन्न आए भने झर्को नमानी लगाइदिनू” भनी राम्ररी सम्झाएर पठाउँथे । म फुच्चेको केही नचल्ने भएकाले मन नलागे पनि

जसो भन्थे त्यसो त गर्नै पर्थ्यो । यस कार्यले समाचार सुन्ने बानी नै त ममा बसाउन सकेन तर समाचारलाई पचाउनेसम्मको क्षमता भने विकास भयो । त्यसैले ताल परेको बेला यसो समय मिलेको छ र घुमाउँदा घुमाउँदै रेडियोको मिटर समाचारमा पुग्यो भने मेरा औँलाहरू टक्क अडिन पनि थालेका थिए । अहिले यसो फर्किएर सोच्छु, २०४७ को सुरुतिर ती लोकतन्त्रका प्रारम्भिक दिनहरूमा किशोर सरलगायत ती धेरै मानिसहरू चोकमा भेला भएर सामाचार सुन्न कति लालायित र उत्साहित थिए होलान् ।

हो, २०४६ को फागुन/चैतमा दिनहुँजसो मसाल लिएर जुलुसमा पुर्से, ओम दाइ र मुरारि दाइहरू कुदेको मैले देखेको हुँ । मेरा दुवै दाइहरूले पनि तिनीहरूलाई भित्रभित्रै सघाइरहेको आभास पनि मैले पाएको हुँ । तर 'प्रजातन्त्र,' 'प्रजातन्त्र' भन्ने शब्दको हल्लाबाहेक मेरो मगजमा केही घुसेको थिएन । आज मेरो दाइको उमेरका धेरैलाई हेर्दा लाग्छ उनीहरूले पनि त्योभन्दा निकै सार्थक र अर्थपूर्ण केही कुरा बुझेका भने होइन रहेछन् । अवश्य, मभन्दा राम्रैसँग बहुदलीय व्यवस्थालाई भने बुझेका थिए । त्यसैले २०४९ सालको पहिलो स्थानीय चुनावमा उनीहरूले मलाई तीनतीन पटक भोट हाल्न लगाए । भोट खसाल्ने उमेर नपुगे पनि मैले उनीहरूको निर्देशनअनुसार पहिलो स्थानीय चुनावमै तीन पटक भोट हालेँ । तर त्यसको केहीबेरमै उमेश गिरीको नेतृत्वमा केही काङ्ग्रेसी जनहरूले बुथ लुटे र त्यो चुनाव रद्द भयो । पुनः चुनाव त भयो तर भोट खसाल्न जानु हुँदैन, बहिष्कार गर्नुपर्छ भनेर गाउँका तिनै दाइहरूले भने, र त्यसै गरियो । जेहोस्, जीवनमा पहिलो पटक यो चुनावको नतिजा आउने समयमा मैले मेरा टोलका सबै मानिसलाई रेडियोमा झुम्मिएको पाएको छु । यस बेलासम्म पनि मैले बुझेको थिइनँ वास्तवमा २०४६ साल, चुनाव, भोट र रेडियो वरिपरिको झुण्डबीच तात्विक सम्बन्ध के छ भनेर । त्यसैले रेडियोसँगको मानिसहरूको विचित्रको लगाव र सार्थक सम्बन्धको ज्ञान मलाई थिएन । धेरै मानिसहरू त्यसरी एउटै रेडियो वरिपरि झुम्मिएको मैले पहिलो पटक पाएको थिएँ । यद्यपि स-सानो झुण्ड रेडियो वरिपरि झुम्मिएको भने सन् १९८७ को क्रिकेट विश्व कपताका र भारत-पाकिस्तानबीचको क्रिकेट भीडन्तको समयमा देखेको अवश्य हुँ ।

होइन भने कुमार दाइ एक्लै रेडियोसँग खेलिरहेको सम्झना मलाई बढी आउँछ । हाम्रो घरको पारिपट्टि उनको पसल थियो । त्यो कम व्यापार हुने किराना पसलमा उनको दिनचर्या नै रेडियो सुन्नु थियो । गाउँघरमा मानिसहरू जसरी चुनावको नतिजा सुन्न रेडियोमा झुण्डिएका थिए त्यो हेर्दा कुमार दाइको

लागि हरेक दिन चुनावभन्दा केही कम थिएन भनेर म भन्न सक्छु। कुन समय कहाँबाट कस्तोखाले गीत बज्थ्यो भन्ने कुरा उनलाई कण्ठस्थै थियो। बिर्सेमा उनी मेरा दाइलाई सोधिहाल्थे जो उस्तै पोख्त थिए। शनिबार उनको हिट स्टेसन थियो रेडियो नेपाल। एउटा, धेरै मीठो र तुलनात्मक रूपमा अरू दिनभन्दा बढी समय गीत बज्ने भएकोले। दोस्रो, दिउँसो करिब एक बजे वरिपरि बज्ने नाटक उनको मनपर्ने कार्यक्रम थियो। धेरै नाटकहरू पट्यारलाग्दो र केही केही मात्र राम्रा हुने भएकोले पनि यो कुरा म विशेष सम्भन्छु। नाटक सुन्न दिक्क लाग्दै गएपछि म उनीसँग अर्को ब्याण्ड लगाइमाग्न अति कर गर्थें, तर उनी टारेर छाड्थे। यो सुन्नै पर्थ्यो, वाध्यता थियो मेरालागि, कारण दिनभरि उनको क्यारेमबोर्ड खेल्ने साथी थिएँ म।

२०४६ सालको चुनाव नतिजामा मानिसहरू जसरी रेडियो नेपाल वरिपरि भुम्मिएका थिए, ठीक त्यस्तै दृश्य काठमाडौँमा रेडियो नेपालले एफएफको परीक्षण प्रसारण सुरु गरेताका फेला पारेको हुँ। फर्केर सार्वजनिक वृत्तमा रेडियोको स्थितिलाई हेर्दा लाग्थ्यो यो प्रयासले पुनः रेडियोलाई सहरी सार्वजनिक जीवनमा लिएर आउने छ। आज त्यही भएको छ। बग्रेल्ती युवाहरू माभ रेडियो नेपाल उति लोकप्रिय नभए पनि एफएमले सार्वजनिक वृत्तमा आफूलाई स्थापित गरेको छ। यो काठमाडौँ मात्र नभएर पोखरा, विराटनगरलगायत अन्य अर्धसहरी ठाउँहरूको पनि कथा हो। सहरी ठाउँमा यसरी रेडियो फर्किएर आउनु त्यसैले पनि राम्रो सङ्केत हो। कारण दशकौँदेखि पञ्चायतले लादेको मनोवृत्तिलाई चिर्न यो सशक्त माध्यम हुँदै जाने निश्चित छ।